# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## सरसफाई
## गर्ने बारेको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०६७/०४/१३)**

यस कार्यालयको लागि आ.व. २०६७।६८ को बांकी अवधि सहित एक वर्षको लागि कार्यालयका सम्पूर्ण भवन
(मुख्य व्यवस्थापकको आवास, अतिथि गृह एवं व्यवस्थापकहरुको आवास गृह) र टहराहरु सोमा रहेका चोटा कोठा, बाथरुम तथा शौचालयहरु एवं मुलगेटको अग्रभाग, कार्यालय परिसरभित्रको सम्पूर्ण आँगन, चौक, बरण्डा, पेटी, बाटो, खुला ढल र मोटर तथा मोटरसाइकल ग्यारेजहरु समेत सरसफाई सम्बन्धी कार्य गराउनु परेकोले इच्छुक फर्म/कम्पनी संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. उक्त कार्यको लागि मुल्य अभिवृद्धि कर वाहेक अधिकतम अनुमानित लागत रु.४,१५,६९५।०० (रु.चार लाख पन्द्र हजार छ सय पन्चानब्बे मात्र) कायम गरिएकोछ ।

२. दरभाउपत्र फारामको प्रस्तावकासाथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

   क. सरसफाई सम्बन्धी काम गर्न ईजाजत प्राप्त फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

   ख. नविकरण भएको व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपि ।

   ग. मूल्य अभिवृद्वि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा (PAN) दर्ता नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

   घ. दरभाउपत्रदाताले सम्बन्धित वा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सँजाय नपाएको भनि लिखित घोषणा पत्र ।

   ङ. विगत देखि नै व्यवसाय गर्दै आएको फर्म/कम्पनी/संस्था भएमा आर्थिक बर्षको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर बिबरण पेश गरेको कागजात ।

३. फर्म वा कम्पनीको तर्फबाट दरभाउपत्र फाराम पेश गर्दा सम्बन्धित संस्था/फर्म/कम्पनीका तर्फबाट अख्तियार दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रसाथ बिडबण्ड वापत आफुले कबुल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम यस बैंकको स.के.हि. पार्टिमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्य हुने अन्य बैंकबाट जारी भएको दरभाउपत्र खोल्ने मितिबाट न्यूनतम ६० दिनको अवधि भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं ( २०६७/०४/२७) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) २.०० बजेसम्म दरभाउपत्र दस्तुर वापत यस कार्यालयको ना.नो आ.हि मा जम्मा गरेको रु.५००।०० ( पछि

फिर्ता नहुने गरी ) को भौचर प्रप्त भएपछि मात्र आन्तरिक प्रशासन फांटबाट खरीद गर्न सकिनेछ । उक्त रु.५००/०० जम्मा गरेको बैक भौचर दरभाउपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

६. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं ( २०६७/०४/२८) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजेभित्र यस बैंकको आन्तरिक प्रशासन फांटमा दरभाउपत्र दाखिला भई सक्नु पर्नेछ ।

७. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं (२०६७/०४/२८) दिनको (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको दिउंसो १:३० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा ( उपस्थिति नभए पनि ) दरभाउपत्र खोलिने छ ।

८. दरभाउपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको “कालो सूची” मा नपरेको हुनु पर्नेछ ।

९. दरभाउपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकको हुनेछ ।

१०. दरभाउपत्र खाममा शिलवन्दी गरी पेश गर्नु पर्ने ।

११. दरभाउ पत्र साथ संलग्न फाराम, शर्त र निर्देशनहरु लगायत सम्पूर्ण कागजातहरुको प्रत्येक पेजमा दरभाउपत्र दाता वा निजको अख्तियार प्राप्त प्रतिनिधीले दस्तखत गरी सम्बन्धित फर्म/कम्पनीको छाप लगाईएको हुनु पर्दछ ।

१२. यो दरभाउपत्रको सूचना नेपाल राष्ट्र बैंकको बेभसाइड (www.nrb.org.np) मा पनि हेर्न सकिनेछ ।

१३. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक, खर्च व्यबस्था विनियमावली २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको आन्तरिक प्रशासन फांटमा कार्यालय समयभित्र सर्म्पक राख्न सकिनेछ ।